# प्रेस विज्ञप्ति

मिति: २०७८/०२/१९

नेपाल वायुसेवा निगम राज्यको पूर्ण स्वामित्वमा सञ्चालित राष्ट्रियध्वजावाहक भएको हैसियतले नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा जनाएको प्रतिवद्धता एंव दीगो विकासको १७ वटा लक्ष्य र १६९ वटा उपलब्धि सूचक (गन्तव्य)को पक्ष राष्ट्र रहेको सर्वविदित्तै छ ।

सोही सन्दर्भमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको मिति २०७८/०२/१६ गते सन् २०५० सम्म नेपाललाई **'कार्वन तटस्थ'** (Carbon Neutral) बनाउने लक्ष्यमा नेपाल वायुसेवा निगमको समेत तयारीको वारेमा उल्लेख गर्न पाउँदा निगम गौरवान्वित छ । नेपाल वायुसेवा निगमले हवाई उड्डयन क्षेत्रको अर्न्तराष्ट्रिय नियामक निकाय ICAO को (Annex-16) Volume - 4 CORSIA मुताबिक, EU-South Asia App (EU-South Asia Aviation Partnership Project) को समेत पहलमा निगमको Emission Monitoring Plan (EMP) ले स्विकृति प्राप्त गरेको छ । यसका अतिरिक्त ICAO Accredited तथा Singapore स्थित VERIFAVIA को परिक्षणहरु सफलतापूर्वक पास गरी CO2 Emission Report निर्धारित समय सीमामै स्विकृती प्राप्त गरी यस क्षेत्रमा उत्कृष्ठ हुन पाउनु पनि राष्ट्र ध्वजावाहकको लागि उपलब्धि नै हो ।

सम्माननिय राष्ट्रपतिज्यूको आकांक्षामा साथ दिंदै अगामी दिनहरुमा पनि वातावरण–मैत्री कियाकलापहरुमा थप उत्साह सहित निगम अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

करिश्मा श्रेष्ठ
प्रवक्ता
नेपाल वायुसेवा निगम

नेपाल वायुसेवा निगम संस्थागत विभाग

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१,काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np